पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिहंदरबार, काठमाण्डौ

वातावरण तथा जैविक विविधता महाशाखा

पत्र संख्याः- वा.प्र.अ.शा.-१२२-२०७५/०७६
चलानी नं.:- २६९
प्राप्त पत्र संख्या र मितिः-

मिति : २०७५/०६/२६

विषय : अरनिको राजमार्ग अन्तर्गत सूर्यविनायक धुलीखेल सडक खण्डको विस्तार/सुधार गर्ने आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा ताँहा मन्त्रालयको मिति २०७५/०६/१० च. नं. १७२ को पत्रसाथ प्राप्त सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा प्रस्तावक रहेको Suryabinayak-Dhulikhel Road Improvement Project, Bhaktapur and Kavrepalanchowk को वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनमा कारवाही हुँदा वातावरण संरक्षण ऐन, २०५३ को दफा ६ को उपदफा (६) बमोजिम देहायका शर्तहरु पालना गर्ने गरी स्वीकृत गर्ने नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७५/०६/२३ को निर्णयानुसार अनुरोध गर्दछु ।

शर्तहरुः

१. प्रस्ताव कार्यान्वयन तथा सञ्चालनको क्रममा थप/नयाँ प्रभावहरु देखिएमा प्रस्तावकले स्वयंको खर्चमा न्यूनिकरण निराकरण गर्नुपर्नेछ ।
२. प्रस्ताव सञ्चालनमा आएको २ वर्ष पुग्ने मिति बारे यस मन्त्रालय तथा वातावरण विभागलाई अग्रीम लिखित जानकारी गराई वातावरणीय परिक्षण कार्यमा सहयोग गर्नु पर्नेछ ।
३. प्रस्ताव निर्माणको क्रममा नियमित अनुगमन गरी सो को प्रतिवेदन तयार पारी यस मन्त्रालय लगायत अन्य सरोकारवाला निकायहरुमा पठाउनु पर्नेछ ।
४. सार्वजनिक सुनवाईमा उठेका सवालहरुको सम्बन्धमा आयोजना सञ्चालनको क्रममा समस्या उत्पन्न भएमा प्रस्तावकले सरोकारवालाहरुसंग समन्वय गरी समस्या समाधान गर्नु पर्नेछ ।
५. आयोजनाको कारणबाट उत्पादित Spoil हरु Dispose गर्दा नदी/खोलाहरुमा प्रदुषित हुने गरी Dispose नगरी उपयुक्त स्थान पहिचान गरी गर्नुपर्नेछ ।
६. प्रस्तावित आयोजनाको निर्माण चरणमा Traffic व्यवस्थापनमा विशेष ध्यान दिई Traffic Management Plan बनाई लागु गर्नुपर्नेछ ।
७. Tunnel भित्र हुन सक्ने सम्भावित दुर्घटनाबाट बच्न आयोजना सञ्चालनको क्रममा सुरक्षाको लागि उचित उपाय अवलम्बन गर्नुपर्नेछ ।

२०७५।०६।२६

(सुभाष कुमार शर्मा)
सहायक वातावरण अधिकृत

बोधार्थः

श्री सडक विभाग, बबरमहल, काठमाडौं ।
श्री वातावरण विभाग, कुपन्डोल, ललितपुर ।